स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता प्रदीप खड्का अमेरिकामा छन् । आफ्नो नयाँ फिल्म 'ऐरी'को पहिलो चरणको छायांकन सकाएर उनी यसै साता अमेरिका उडेका हुन् । उनी अमेरिका जानुको पछाडि दुईवटा उद्देश्य छ । एउटा, २ अगस्ट (साउन १७ गते) न्यूयोर्कमा हुने 'मिस नेपाल नर्थ अमेरिका २०२५'को फिनालेमा जज बन्न । दोस्रो, आफ्नो फिल्म 'एक्टर : टेन वान'को अमेरिका प्रदर्शनमा सहभागी हुन । प्रदीपको कम्पनी लिभेन्जसँग यो फिल्मको अमेरिका र क्यानडाको वितरण अधिकार रहेकाले पहिलो चरणमा फिल्मलाई अमेरिकामा प्रदर्शन गर्न लागिएको हो ।

**आजको विचार...**



भीमसेन थापा... (दुई पेजमा)

लक्ष्मण थापा



अभिनेता द्वय दयाहाङ राई र सौगात मल्लको सुपरहिट जोडीलाई एकपटक फेरि फिल्ममा हेर्न पाइने भएको छ । नयाँ फिल्म 'मितज्यू'मा उनीहरुले सहकार्य गर्न लागेका हुन् । निर्माताले शुक्रबार एक पोस्टमार्फत फिल्ममा सौगात अनुबन्ध भएको जानकारी गराए । आदिवासी जनजाति समुदायमा प्रचलित मितेरी साइनोको कथामा बन्न लागेको फिल्ममा दयाहाङ र सौगात मितको भूमिकामा हुने जनाइएको छ । उनीहरुको पुनर्मिलनले फिल्मप्रति दर्शकमा उत्साह बढ्ने अपेक्षा गरिएको छ । फिल्ममा डान्सर तेरिया मगर र स्मिता लामिछानेको पनि अभिनय रहनेछ ।

❑ वर्ष ३१ ❑ अंक १० ❑ २०८२ साउन १० गते शनिबार 26 July 2025, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### प्यालेस्टिनी राज्यको मान्यता हमासको विरुद्धमा छ : फ्रान्स




(रासस/एएफपी)

**पेरिस,** साउन ९/ फ्रान्सले शुक्रबार प्यालेस्टिनी राज्यलाई औपचारिक रूपमा मान्यता दिने आफ्नो योजना प्यालेस्टिनी लडाकू समूह हमासको धारणाको विपरीत रहेको बताएको छ ।

'हमासले सधैँ दुई-राज्य समाधानलाई अस्वीकार गरेको छ । प्यालेस्टिनी राज्यलाई मान्यता दिएर फ्रान्स त्यो आतङ्कवादी सङ्गठनको विरुद्धमा जान्छ', राष्ट्रपति इमानुएल म्याक्रोनले सेप्टेम्बरमा फ्रान्सले प्यालेस्टिनी राज्यलाई मान्यता दिने बताएको एक दिनपछि विदेशमन्त्री जिन-नोएल बारोटले एक्समा भने । हमासले राष्ट्रपतिको घोषणालाई स्वागत गर्दै यसलाई 'हाम्रा उत्पीडित प्यालेस्टिनी जनतालाई न्याय गर्ने दिशामा सही दिशामा सकारात्मक कदम' भनेको छ । इजरायलले यो कदमले 'आतङ्कवादलाई पुरस्कृत' गरेको बताएको छ भने अमेरिकाले यसलाई 'लापरवाह' भनेको छ । तर बारोटले आफ्नो एक्स सन्देशमा फ्रान्सले आफ्नो निर्णयका साथ 'युद्धको पक्षमा शान्तिको पक्षमा समर्थन गरिरहेको छ' बताए ।

# पालपामा बढ्यो राजस्व सङ्कलन, एक वर्षमा ६० करोड ८१ लाख ९५ हजार उठ्यो

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन ९/पाल्पामा गत आर्थिक वर्ष २०८१/०८२ मा राजस्व संकलन बढेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा ५ करोड २८ लाख ३७ हजार ६ सय ८० रुपैयाँले राजस्व संकलन बढेको हो ।

करदाता सेवा कार्यालय पाल्पाका अनुसार गत आर्थिक वर्ष ६० करोड ८१ लाख ९५ हजार ४ सय ७० राजस्व सङ्कलन भएको छ । कार्यालयले ७० करोड २२ लाख ७२ हजार ९ सय ७० राजस्व सङ्कलनको लक्ष्य राखेको थियो । उक्त लक्ष्य नजिक रहेर कार्यालयले ८७ प्रतिशत राजस्व संकलन गरेको हो । उसले आर्थिक वर्ष २०८०/०८१ मा ५५ करोड ५३ लाख ५७ हजार ७ सय ९० राजस्व सङ्कलन गरेको थियो । सङ्कलन भएको राजस्व लक्ष्यको ७५ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८१/०८२ मा आयकरतर्फ ३२ करोड ९० लाख ५२ हजार २ सय ३०, मूल्य अभिवृद्धिकरतर्फ २६ करोड ९४ लाख २४ हजार २ सय ४० र अन्त:शुल्कतर्फ ९७ लाख १९ हजार राजस्व सङ्कलन गरिएको कार्यालयका प्रमुख तथा कर अधिकृत सन्तोष सुवेदीले बताए । अघिल्लो वर्षको तुलनामा गत वर्ष राजस्व संकलनमा करिब १० प्रतिशत वृद्धि भएको सुवेदीको भनाई छ । उनका अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामै उत्साजनक रुपमा करदाताहरुबाट कर संकलन भएको थियो । अघिल्लो वर्षदेखि कर शिक्षा प्रणालीलाई थप प्रभावकारी बनाउँदै लगेका कारण राजस्वमा वृद्धि हुँदै गएको कर अधिकृत सुवेदीले बताए । उनले भने,'हामीले ठाउँ -ठाउँमा पुगेर कर शिक्षा दिदै आएका छौं, आर्थिक ऐनले प्रदान गरेका छुट सुविधानहरुको व्यापक प्रचार र जिल्लामा गत आर्थिक वर्ष भन्दा बढी पुँजीगत खर्च हुनुले पनि राजस्व संकलनमा वृद्धि भएको हो ।' कर सम्बन्धी जनचेतना विस्तार भएर पनि व्यापारी/व्यवसायी क्रमश: करको दायरामा आउने क्रम बढेको प्रमुख सुवेदीले बताए । राज्यलाई कर तिर्नुपर्छ भन्ने मान्यताको विकास गराउन कार्यालयले जिल्लाका वडा तहमा पुगेर कर शिक्षा प्रदान गरेको थियो । करको दायरामा आएपछि कमाई र पेशालाई कानुनी बैद्यता प्राप्त हुने र त्यसको माध्यमबाट बैंकिङ कारोबार गर्न सहज हुने भएकाले जनता स्वस्फुर्त कर दर्ता गर्न आउने क्रम बढेको उनले बताए । केही करदाताहरु अझै पनि शिक्षाको कमीका कारण करको दायरामा आउन नसकेकाले उनीहरुलाई स्थानीय सरकारसँग समन्वय गरेर ल्याउने काम कार्यालयले गर्दै आएको छ । कार्यालयबाट गत वर्ष ७ सय ८० व्यवसाय दर्ता भएका छन् । यहाँ ३ सय ६२ व्यवसाय बन्द भएको कार्यालयले जनाएको छ । कार्यालयले ३ हजार ४ सय ८१ व्यक्तिगत पान वितरण गरेको छ भने एक हजार १ सय ६८ करदाताले अन्त: शुल्क नविकरण गरेका छन् । कार्यालयबाट अनलाइन सिस्टमको व्यवस्थापन भएकाले करदाताहरुले अनलाइनबाटै आृनो मासिक, त्रैमासिक, कारोबारहरुको विवरण बुझाउन सकिने, बैंकबाट समेत राजस्व तिर्न मिल्ने व्यवस्था भएपछि व्यवसायी तथा उपभोक्तालाई सहजता भएको कर अधिकृत सुवेदीले बताए । अझै करको दायरामा आउन नसकेका व्यवसायी फर्मलाई पनि करको दायरामा ल्याउन उनीहरुलाई वैधानिक रुपमा व्यापार व्यवसाय गर्न प्रोत्साहन गर्ने योजना करदाता सेवा कार्यालयको रहेको छ ।







# सवारी दुर्घटनामा तीन जनाको मृत्यु




**पाल्पा,** साउन ९/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सिन्धुली, चितवन र काठमाडौंमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको हो ।

सिन्धुलीको सुनकोशी गाउँपालिका-६ शितलपाटीस्थित सडकमा पिकअप गाडी अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । काठमाडौंबाट बर्दिबासतर्फ आउँदै गरेको बा.प्र.०१-०२४ च ९९१३ नम्बरको पिकअप गाडी अनियन्त्रित भई गए दुर्घटना हुँदा पिकअपमा सवार मकवानपुर मनहरी गाउँपालिका-४ घर भएका ३८ वर्षीय धर्मराज रेग्मीको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको सुनकोशी सामुदायिक अस्पताल खुर्कोटमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते भएका पिकअप चालकलाई थप उपचारको लागि धुलिखेल अस्पताल पठाइएको छ । यस्तै चितवनको रत्ननगर नगरपालिका-३ शान्ति चोकस्थित सडकमा बोलेरोले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । प्रदेश २-०२-००१ च ०५१० नम्बरको बोलेरोले बा.प्र.०६-००१ प ३५०९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक कालिका नगरपालिका-२ बस्ने ३५ वर्षीय मुकुन्द कंडेलको मृत्यु भएको हो ।

-...बाँकी अन्तिम पेजमा

# पहिलो बेत ब्याउने गाईलाई दश हजार अनुदान



**गुल्मी,** साउन ९/जिल्लाको सत्यवती गाउँपालिकाले गाईपालक कृषकलाई प्रोत्साहन गर्न सुरु गरेको छ । गाउँ कार्यपालिकाको निर्णय बमोजिम पहिलो बेत ब्याउने गाईका लागि प्रोत्साहन स्वरुप प्रति गाई दश हजार अनुदान उपलब्ध गराइने भएको हो ।

गाउँपालिकाले स्थानीय गाईको संरक्षणका लागि गाईका बाच्छी हुर्काउने कार्यलाई प्रोत्साहन गरी गाईपालन तथा तिनको संरक्षण कार्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले कृषकलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत उक्त योजना ल्याएको गाउँपालिकाका अध्यक्ष टिकाराम पाण्डेले बताए । पालिकाले सार्वजनिक रुपमा सूचना प्रकाशन गरि आर्थिक वर्ष २०८२/८३ को पशुपन्छी विकासतर्फ स्वीकृत वार्षिक कार्यक्रमअनुसार उक्त प्रोत्सान कार्यक्रम अघि सारेको हो । कार्यक्रमबाट लाभ लिनका लागि पालिकाले २०८२ साउन १ गतेदेखि २०८३ असार १५ गतेभित्र आृनो फर्म वा घरमा पालेको गाई पहिलो पटक ब्याएमा १० हजार अनुदान उपलब्ध गराउने जानकारी गराएको छ । उक्त रकम प्राप्त गर्नका लागि कृषकले आफुले पालेको कोरेलीगाई बाली भएको पालिकामा जानकारी गराउनुपर्ने बताइएको छ । अनुदान प्राप्त गर्नका लागि कृषकले पालिकामा निवेदनसहित नागरिकताको प्रतिलिपि, पहिलो पटक ब्याएको व्यहोरा उल्लेख गरिएको कम्तिमा तीन जना छिमेकीको हस्ताक्षर लगायतको मुचुल्का, सम्बन्धित वडा कार्यालयको सिफारिस, माउ र बच्चा देखिने गरी खिचेको तस्बिर उपलब्ध गराउनुपर्ने पालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले जानकारी दिए ।

त्यसका अतिरिक्त निवेदकको बैंक खाता भएको चेकको प्रतिलिपि, भेटेरिनरी प्राविधिकले स्थलगत अनुगमन गरि दिएको रिपोर्ट अनिवार्य हुनुपर्ने भुसालले बताए । गाउँपालिका उपाध्यक्ष निर माया तरामुका अनुसार यसरी अनुदान लिनका लागि कृषकले अन्यत्रबाट किनेर ल्याएको गाई नभइ अनिवार्य रुपमा आृनै गोठमा हुर्काएको गाईको बाच्छी हुनुपर्ने छ । पछिल्लो समयमा गाउँघरमा गाईपालन गर्ने परम्परा विस्तारै लोप हुँदै जान थालेको अवस्थामा जिल्लामा सत्यवती गाउँपालिकाले स्थानीय रैथाने गाईको संरक्षण गर्नका लागि उक्त अभियान सञ्चालन गर्न लागेको हो ।-रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## खाद्य सुरक्षामा चुनौती

**यो वर्ष नेपालका तराई मधेश र पहाडका केही जिल्लामा साउनको पहिलो साता बितिसक्दा पनि पर्याप्त पानी परेको छैन । मुख्य अन्नबाली धान रोपाइँका निम्ति जेठ अन्तिमदेखि नै पर्याप्त पानी आवश्यक हुन्छ । तर पनि पर्याप्त पानी पर्न सकेको छैन । किसान धान बाली लगाउन नपाउँदा तड्पिएका छन् । साउन दोस्रो हप्ता लाग्दा समेत अधिकांस क्षेत्रहरु सुख्खा छन् । यसले यो वर्ष खाद्य सुरक्षामा चुनौती देखिएको छ । खाद्यान्न मानिसको आधारभूत आवश्यकता हो ।**

**दैनिक कार्यको लागि आवश्यक पर्ने शक्तिका साथै शारीरिक र मानसिक वृत्ति विकासका लागि आवश्यक पर्ने तत्वहरु खाद्यान्नबाटै प्राप्त हुन्छन् । मानिसले पशुजन्य श्रोत र वनस्पतिजन्य श्रोतबाट आवश्यक खाद्यपदार्थ प्राप्त गर्दछन् । तर खडेरीका कारण खाद्यन्न उत्पादनमा कमी हुने निश्चित छ । मुलुकको अर्थतन्त्र कृषि प्रधान हो । देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान १६ प्रतिशत छ । तर, वर्षाको अवधि र तीव्रता दुवै निरन्तर परिवर्तन भइरहेकाले जलवायु परिवर्तनका परिणामबाट किसान प्रभावित भइरहेका छन् । देशको ४० प्रतिशतभन्दा बढी कृषि भूमि अझै पनि आकाशेपानीमा निर्भर छ । जसका कारण समयमै पानी नपर्दा यी क्षेत्रमा रोपाइँ हुन सकेको छैन । जसले गर्दा खाद्य असुरक्षा बढ्ने खतरा देखिएको छ । सतह सिँचाइको संकट, वर्षा चक्रको अस्थिरता, भूमिगत जलको तीव्र गिरावट र राज्यको लापरवाहीले गर्दा अधिकांस क्षेत्र आज सुक्खाग्रस्तको गम्भीर अवस्थामा पुगेका छन् । यो केवल धान रोपाइँ हुन नसकेका क्षेत्रको संकट मात्र होइन, देशकै खाद्य सुरक्षालाई चुनौती दिने राष्ट्रिय संकट हो । सरकारी तवरबाट तराईका केही जिल्लालाई सुक्खाग्रस्त क्षेत्र भनेर घोषणा गरेको अवस्था छ तर दीर्घकालीन समाधानका लागि कुनै ठोस नीति देखिएको छैन । अब पनि सरकारले यसतर्फ ध्यान नदिने हो भने कुनै बेला अन्न निर्यात गर्ने मुलुक निकट भविष्यमै अन्न माग्नुपर्ने देश बन्न सक्छ । तसर्थ प्राप्त सिचाँइको व्यवस्था गरेर खाद्य संकटबाट मुलुकलाई जोगाउने दिशामा तीनै तहका सरकारले ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

जीवनमा देखिने हरेक चुनौतीहरू संघर्ष नै हुन् । संघर्षका ती चुनौतीहरूलाई आत्मविश्वासका साथ सामना गरेर अगाडिको यात्रा तय गर्न सक्नु पनि सफलताको उच्च बिन्दु हो ।

*(नवराज ज्ञवालीको फेसबुक स्टाटसबाट www.facebook.com/nawaraj.gyanwali.9)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भीमसेन थापाः नेपालको इतिहासका एक अविस्मरणीय राष्ट्रवादी नायक



लक्ष्मण थापा

*अंग्रेजबाट भएको राष्ट्रिय अपमानको बदला लिन थापाले आफ्नो कार्यकालभरि बृहत् योजनाहरू तयार गरी एसियाका विभिन्न राष्ट्रहरूबीच अन्तरसम्बन्ध स्थापित गर्नुका साथै साम्राज्यवादी शक्तिहरूका विरुद्ध एसियाली राष्ट्रलाई एक हुन आह्वानसमेत गरेका थिए । तत्कालीन एसियाली शासकहरूले उनको कुरा बुझ्न नसकेका कारण अधिकांश राष्ट्रहरू साम्राज्यवादी शासकहरूको मातहतमा रहन पुगे । यसप्रकार राष्ट्रवादी दृष्टिकोणले भीमसेन थापा नेपालको मात्र नभई एसियाकै महान् व्यक्तिका रूपमा देखिन्छन् । वि.सं. १८९२ आश्विन २८ गते श्री ५ राजेन्द्रबाट भीमसेन थापालाई 'कमान्डर-इन-चिफ' जस्तो उच्च पदवी प्राप्त भयो । तर, दिवङ्गत अधिराजकुमार श्री ५ देवेन्द्रलाई विष खुवाएको मिथ्या आरोप लगाई त्यसको झन्डै दुई वर्षपछि वि.सं. १८९४ साउन ११ मा उनको मुख्तियारी तथा सर्वस्वहरण गरी उनीसहित उनका नजिकका नातेदारहरूलाई समेत बन्दी बनाइयो ।*

नेपालको इतिहासमा एक दूरदर्शी व्यक्तित्वका रूपमा स्थापित राष्ट्रिय विभूति भीमसेन थापाको जन्म आजकै दिन वि.सं. १८३२ साउन ९ गते गोरखाको पिपलथोकमा बगाले थापाकुलका सानाकाजी अमरसिंह थापा र सत्यरुपातर्फका जेष्ठ पुत्रका रूपमा भएको थियो । पुर्ख्यौली रूपमा दरबारको सेवामा संलग्न, सैनिक अधिकृत बाबुका कारण र दरबारको समीपमै घर भएकाले थापाको दरबारमा पहुँच बढ्दै गयो र उनले दरबारलाई प्रभावित पार्न सफल भए । उच्च कुलीन र भारदार वंशका भएकाले भीमसेन थापाले २३ वर्षको उमेरमै वि.सं. १८५५ मा सरदार पदवी प्राप्त गरे । तत्कालीन राजनीतिक परिस्थितिले गर्दा डेढ वर्षका छोरा गीर्वाणयुद्ध विक्रम शाहलाई राजगद्दीमा राखेर राज्य त्याग गरी स्वामी महाराज श्री ५ रणबहादुर शाह वि.सं. १८५७ जेठ ८ गते काशी निर्वासन हुँदा भीमसेन थापा पनि उनका साथ गएका थिए । थापाको दूरदर्शी र बुद्धिमत्तापूर्ण कार्यले गर्दा स्वामी महाराज वि.सं. १८६० फागुन २१ गते स्वदेश फर्की पुनः राजकाज चलाउन थाले । नेपालको हितका लागि खेलेको भूमिकाको कदरस्वरूप वि.सं. १८६१ जेठ ७ गते भीमसेन थापालाई काजी पदमा नियुक्त गरियो ।

रणबहादुर शाहको हत्या गरेर शासन हातमा लिन खोज्ने उनकै भाइ चौतरिया शेरबहादुर शाह र उनका सहयोगीलाई पन्छाएर देश र आफ्नो रक्षा गरेबापत श्री ५ गीर्वाणयुद्ध विक्रम शाहद्वारा भीमसेन थापालाई वि.सं. १८६३ मा राज्य सञ्चालनका सम्पूर्ण अधिकारहरू प्रयोग गर्न पाउने गरी मुख्तियार पद प्रदान गरियो । उनको कार्यकुशलता र राष्ट्रप्रतिको वफादारीबाट प्रभावित भई श्री ५ गीर्वाणले वि.सं. १८६८ मा थापालाई जनरल पदवी पनि प्रदान गरे ।

वि.सं. १८७१/७२ मा अंग्रेजसँगको युद्धमा नेपालको हार भई बाध्यतावश सुगौली सन्धि जस्तो असमान सन्धिमा हस्ताक्षर गर्नुपरे तापनि भीमसेन थापाले राष्ट्रिय स्वाभिमान, स्वाधीनता र स्थायित्वलाई दृष्टिगत गरेर नै यो कार्य गरेका थिए । सुगौली सन्धिले नै नेपालको सिमाना व्यवस्थित भई नेपाल विश्वमा एक सार्वभौम राष्ट्रका रूपमा अस्तित्व कायम राख्न सफल भएको मानिन्छ । विश्वका विभिन्न भागमा प्रभुत्व बढाउँदै गइरहेको बेलायती साम्राज्यवादविरुद्ध लड्न एसियाली जनएकताको आह्वान गर्ने र 'एसिया भनेको एसियाकै हुनुपर्छ' भन्ने मान्यता राख्ने उनी निकै दूरदर्शी एवं कूटनीतिज्ञ थिए । अंग्रेजबाट भएको राष्ट्रिय अपमानको बदला लिन थापाले आफ्नो कार्यकालभरि बृहत् योजनाहरू तयार गरी एसियाका विभिन्न राष्ट्रहरूबीच अन्तरसम्बन्ध स्थापित गर्नुका साथै साम्राज्यवादी शक्तिहरूका विरुद्ध एसियाली राष्ट्रलाई एक हुन आह्वानसमेत गरेका थिए । तत्कालीन एसियाली शासकहरूले उनको कुरा बुझ्न नसकेका कारण अधिकांश राष्ट्रहरू साम्राज्यवादी शासकहरूको मातहतमा रहन पुगे । यसप्रकार राष्ट्रवादी दृष्टिकोणले भीमसेन थापा नेपालको मात्र नभई एसियाकै महान् व्यक्तिका रूपमा देखिन्छन् । वि.सं. १८९२ आश्विन २८ गते श्री ५ राजेन्द्रबाट भीमसेन थापालाई 'कमान्डर-इन-चिफ' जस्तो उच्च पदवी प्राप्त भयो । तर, दिवङ्गत अधिराजकुमार श्री ५ देवेन्द्रलाई विष खुवाएको मिथ्या आरोप लगाई त्यसको झन्डै दुई वर्षपछि वि.सं. १८९४ साउन ११ मा उनको मुख्तियारी तथा सर्वस्वहरण गरी उनीसहित उनका नजिकका नातेदारहरूलाई समेत बन्दी बनाइयो । पछि उनीमाथि लगाइएको आरोप प्रमाणित हुन नसकेपछि राजाले पूर्ण भारदारी सभामा थापाको कदर गर्दै सम्मानका साथ पहिरन र दरबारको घोडा उपहार दिई बन्दी जीवनबाट छुटकारा दिलाई लावालस्करका साथ बिदाइ गरेका थिए । यसरी बन्दी जीवनबाट छुटकारा पाएपछि थापा गोरखाको बोर्लाङमा गई आफूले बनाएको घरमा बस्न थाले । तर, वि.सं. १८९५ माघमा विष मुद्दा ब्युँताएर सोधपुछको बहानामा पुनः बन्दी बनाइयो । भीमसेन थापाले सफाइका लागि विभिन्न प्रमाणहरू प्रस्तुत गर्दासमेत त्यसको सुनुवाइ भएन । उल्टो उनको प्रतिष्ठामा आँच आउने गरी विभिन्न अफवाहहरू फैलाइयो । यसबाट उनको स्वाभिमानमा ठूलो चोट पुग्न गयो र वि.सं. १८९६ साउन ८ गते बन्दीगृहमा नै प्राणत्याग गर्ने प्रयास गरेको नौ दिनपछि उनले वीरगति प्राप्त गरे । यसरी नेपालको इतिहासमा एक राष्ट्रभक्त एवं स्वाभिमानी राष्ट्रसेवक उपर लगाइएको झुटो आरोपविरुद्ध सबुत प्रमाण पेस गर्दागर्दै पनि तत्कालीन सत्तासीनहरूको दाउपेचका कारण कतैबाट पनि सुनुवाइ हुन नसकेपछि आफ्नो इज्जतमा लागेको दागलाई सहन नसकी प्राण नै त्याग गरी एक युगपुरुषको अवसान हुन पुग्यो । नेपालका यस्ता सपुत राष्ट्रभक्तले आफ्नो कार्यकालमा थुप्रै सैनिक, कानुनी, सामाजिक, आर्थिक एवं प्रशासनिक सुधार गरेर राष्ट्रमा बलियो जग बसालेका थिए । यिनै राष्ट्रभक्त, स्वाभिमानी मुख्तियार भीमसेन थापासहित नेपाल राष्ट्रको स्वतन्त्रता र सार्वभौमसत्ता रक्षाका लागि आफ्नो जीवनको आहुति दिने वीर सपुतहरूको प्रेरणादायी जीवनका विविध पक्षहरूको अध्ययन, अनुसन्धान तथा प्रचारप्रसार गर्दै नेपाली समाजलाई चिरकालपर्यन्त स्मरण गराउने उद्देश्य लिएर २०५३ साउन १ गते राष्ट्रिय विभूति भीमसेन थापा स्मृति प्रतिष्ठानको स्थापना भएको हो । भीमसेन थापाको २२१औँ जन्मजयन्तीका अवसरमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय विभूति भीमसेन थापाको स्मृतिमा राष्ट्रियस्तरको प्रतिष्ठान गठन गर्न आवश्यक छ भनी दिनुभएको प्रेरणादायी वक्तव्यबाट प्रेरित भएर २०५३ सालमा नेपाल सरकारका पूर्वसचिव एवं निर्वाचन आयुक्त रमेशजङ्ग थापाको अध्यक्षतामा यस प्रतिष्ठानको गठन भएको थियो । यस प्रतिष्ठानले स्थापनाकालदेखि नेपालको इतिहासबारे अध्ययन र अनुसन्धान गरी उल्लेखनीय कार्य गर्ने इतिहासकारहरू तथा देशको ऐतिहासिक, सामाजिक, कूटनीतिक एवं आर्थिक विकासमा सहयोग पुऱ्याउने व्यक्तित्वहरूलाई सम्मान गर्दै आएको छ ।

यस वर्ष राष्ट्रको विभिन्न महत्त्वपूर्ण पदहरूको जिम्मेवारी वहन गरी मुलुकको आर्थिक विकासमा योगदान पुऱ्याउनुका अतिरिक्त कूटनीतिक क्षेत्रमा समेत उल्लेखनीय भूमिका निर्वाह गरी नेपालको प्रतिष्ठा एवं सम्बन्धलाई अन्तर्राष्ट्रिय क्षेत्रमा विस्तार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएका वरिष्ठ अर्थविद् एवं कूटनीतिज्ञ डा. भेषबहादुर थापालाई साउन ९ गते राष्ट्रपतिको कार्यालयमा एक कार्यक्रमको आयोजना गरी सम्मान एवं पुरस्कृत गरिँदैछ । भीमसेन थापाकालीन समयमा जारी भएका शीलापत्र, ताम्रपत्र, रुक्का, लालमोहर आदि ऐतिहासिक अभिलेखहरूको नेपालको इतिहासमा विशेष महत्त्व छ । यस्ता महत्त्वपूर्ण दस्तावेजहरूको खोजी गरी प्रकाशन हुन सकेमा नीतिनिर्माता, राजनीतिज्ञ, इतिहासकार, अनुसन्धानकर्ता एवं इतिहासप्रति रुचि राख्ने सर्वसाधारण व्यक्तिहरूलाई सत्यतथ्यमा आधारित इतिहासबारे जानकारी प्राप्त हुन सक्छ । यसै तथ्यलाई हृदयाङ्गम गरी प्रतिष्ठानले राष्ट्रिय अभिलेखालय र विभिन्न व्यक्तिहरूबाट सङ्कलन गरिएको अभिलेखहरूलाई प्रकाशन गर्दै जाने नीतिअनुरूप बगाले थापा कल्याणकारी परिषद्को सहकार्यमा गत वर्ष अभिलेख सग्रह भाग-१ प्रकाशित गरिएको थियो भने यस वर्ष अभिलेख सग्रह भाग २ प्रकाशनमा ल्याइएको छ । ऐतिहासिक अभिलेखहरू उपलब्ध भएसम्म यो प्रकाशनलाई निरन्तरता दिइने नीति प्रतिष्ठानले लिएको छ । अन्त्यमा, भीमसेन थापाकालीन समयमा निर्माण गरिएका विभिन्न मठमन्दिर र ऐतिहासिक धरोहरहरू जीर्ण अवस्थामा रहेको पाइएको छ । ती धरोहरहरूको संरक्षण, संवर्द्धन एवं पुनर्निर्माणका लागि नेपाल सरकारले आवश्यक पहल गर्नेछ भन्ने अपेक्षा प्रतिष्ठानले गरेको छ । **(लेखक राष्ट्रिय विभूति भीमसेन थापा प्रतिष्ठानका महासचिव हुन्)-हाम्रा कुरा डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : घर परिवारमा शुभ मांगलिक कार्यको योजना बन्नेछ । यात्रा लाभदायी छ | **तुला** : परिवारमा विश्वास बढ्नेछ । आय आर्जनका नयाँ मार्ग प्रशस्त हुनेछन्। |
| **वृष** : जीवन साथीसँग वैचारिक मतभेद सुल्झाउन सफल भइनेछ । | **वृश्चिक** : धर्मकर्ममा मन लाग्नेछ। मनमा शान्ति छाउँनेछ । |
| **मिथुन** : चिताएका कार्य सम्पादन गर्नमा बाधा आउनेछ । मनमा अशान्ति छाउँनेछ | **धनु** : निर्णय लिनुभन्दा अघि शुभचिन्तकहरूसँग सल्लाह अवश्य लिनुहोला। |
| **कर्कट** : वैदेशिक रोजगारको लागि नयाँ अवसरको खोज सफल हुनेछ । | **मकर** : आर्थिक पक्षमा सुधार आउनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **सिंह** : विद्यार्थीहरूलाई पठनपाठनमा गुरुजनहरूको मार्गदर्शन मिल्नेछ | **कुम्भ** : कार्य पुनःप्रारम्भ हुनेछन्। शुभचिन्तकहरूको सहयोग मिल्नेछ। |
| **कन्या** : आफन्तजनहरूसँगको विश्वास गुम्न सक्छ सचेत रहनुहोस्। | **मीन** : व्यापार व्यवसायमा लाभ रहनेछ। वादविवादबाट जोगिनुहोस्। |


# साहित्य दर्पण

लघुकथा ● ईश्वर पोखरेल

## योग्यता

सबै हतारिँदै झर्न लागे । सबै हतारिएकाले गर्दा एउटा मात्र ढोका पर्याप्त भएन । सबै हतारिएका र अरुभन्दा पहिल्यै झरेर सुरक्षित हुने ताकमा रहेकाले बसको ढोकाबाट सामान्य अवस्थामा ओर्ले जति मान्छे पनि ओर्लिन सकेका थिएनन् ।

यो अवस्थालाई बोध गरेका केही यात्रु झ्यालबाट हम्फाल्न लागेका थिए। छरितो शरीर भएका केही त हम्फाली नै सकेका थिए । एउटा मोटो मान्छे पनि झ्यालबाट ओर्लिन लागे झैं देखियो । बल्लबल्ल टाउको छिरायो, अनि ज्यान छिराउन लाग्यो। काँटीमा अल्झेर त्यसको कपडा ध्यार्र भयो, कताकता दर्फरियो, रक्तमुछेल भयो र भुँइमा थचारियो । हामीले हेल्थपोस्टमा पुऱ्याउँदा ऊ होसमा थिएन । उसलाई डाक्टरको जिम्मा लगाएर हामी बाहिर बेन्चमा बस्यौं । केही समयपछि उसको




होस खुलेको जानकारी भयो । त्यो बसबाट किन त्यसरी ज्यानकै माया मारेर मान्छेहरु ओर्लिएका हुन् भन्ने हाम्रो मूल जिज्ञासा थियो । उसले भन्यो-"खँलासीले हाँकेको रहेछ-बस । लाइसेन्स पनि रहेनछ। जब यो कुरा खुल्यो, सबैको हंसले ठाउँ छाडी हाल्यो निद्र" 'समाजका सबै नीतिको मूल नीति हो-राजनीति । राजनीतिको शीर्ष पदमा बस्नेका योग्यता कति हो ? देश हाँक्नेको योग्यता के हो? योग्यतालाई उपेक्षा गरेर हामी कता जाँदैछौं ? हाम्रो गन्तव्य के हो ? हामो यात्रा सुरक्षित र सुनिश्चित छ ?' मनभरि हुँडलियो-प्रश्न । तर यो छलफलका लागि उचित समय थिएन । उसको आँखामा त्रास उत्रिसकेको थिएन । **-डिसी नेपाल डटकम**

## म एक भाग्यमानी हुँ !


डा. बच्चु कैलाश कैनी

छोएन मलाई
जनताको पीडाले
दिन दिनै सुन्ने गालीले
हाम्रो बारे आउने
नकारात्मक समाचारको बाढीले
अहँ ! मलाई छुँदै छोएन
तपाईहरु आम जनताले
सँधै देख्ने, सुन्ने र भोग्ने
समस्याको चांगले
रोकेन मलाई
नियम र कानूनले ।

मैले देखेको छु
तपाईहरुको जीवन
चलेको चलै छ
प्रकृतिको बरदानले
जस्तो सुकै होस् जे सुकै होस्
स्वास प्रस्वास रोकिएको छैन
दुई खुट्टाको सहाराले
जीवनको रथ अघि बढेकोछ ।

नियती नै यस्तै छ
उति बेला भावीले लेखेर ल्याएको
तपाईको भाग्य मैले मेट्ने हैन
तपाईको जीवनको मार्ग
मैले बदल्ने हैन
जे छ तपाईले भोग्ने हो
तपाईको जीवन
तपाईले नै बदल्ने हो ।
मैले मेरो जीवन बदलें
मेरो समस्या
मेरो परिवारको समस्या
मैले हल गरें
मलाई अहिले दु:ख छैन
कुनै पीर चिन्ता छैन
तपाईको पीडाको ख्याल छैन
कुनै गालीको पर्वाह छैन
अरुको समस्याको वास्ता छैन
यहाँ जीवन चल्ने हो
तपाईको पनि चलेको छ
मेरो झन राम्रो चलेको छ ।
जे गरेपनि जसो गरेपनि
मैले निरन्तर ताली पाएको छु
तपाईको साथ र भोट पाएको छु
फेरी अर्को पटक पनि
पाउने नै छु
मैले लेखेर ल्याएको भाग्य
तपाईले मेट्ने हैन
किनकी, तपाई कै भोटले
यहाँसम्म पुगेको
म एक नेता हुँ
जनताको मान सम्मान पाउने
तपाईले तिरेको करले
सुख सयल भोग्ने
म एक भाग्यमानी हुँ ।

**-समकालिन साहित्य डटकम**

क्लासिक निबन्ध ● रामामणि रिसाल

## शायद

मैले एउटा अनुहार बिर्सिन खोजें सकिन । शायद, त्यो मेरै कुनै अनुहार पनि हुनसक्छ । यसले मलाई ठूलो अप्ठ्यारोमा बारम्बार खसालिरहेको बोध छ । तैपनि उदास अनुहारमा बेला बखत् आएर हाँसोले छोपिदिँदा त्यसको मोह ममा जागृत हुन गयो । चर्चित सन्दर्भले यसैलाई इङ्गित गर्न खोजेको छ केन्द्रीय रूपमा । म रूखो अनुहार हेर्न खोज्दिन तर भिजेका परेली मलाई मन पर्छन् । म भित्र रहेका मनहरूमध्ये यो कुन चाहिँ मन पऱ्यो कुन्नि ! एकताका सधैं मेरा अगाडि त्यो अनुहार थियो । धेरै वर्षाले रुझेर छोडिगयो । अहिले म भित्रबाट झिकेर हेर्छु । म भाग्दै छु, त्यसले लखेट्न छोडेको छैन । म दिउँसै अनुहार लागेर टोलाउँछु । अनुहार बिम्झ्यो अनुहार भरि । कवि भैदिए हुन्थ्योह म ढुंगो भएँ । धेरै त त्यस अनुहारले देखाएको र भनेको नै न बुझेर खेर गए । जब थोरै सम्झे, बुझे, अनुहार टाढिँदै गयो पारि क्षितिज तल । हेर्छु पर त्यता कतै लुकेको अनुहार । मलाई यो रोग नै भयो । सोझो भनेर हिँड्न नसकिने यो कुरा नबुझिने विपरीत मार्ग पक्रिँदै गइरहेको छ । यो बाहिर बजारमा छैन । म पो आफ्नै किल्ला भित्रको कैदी भएँ । एउटा सत्य-कथा मैले पालेर राखेको आधा-दशक बढी नै भयो । म भन्न खोज्दा भाँचिने गर्छु । त्यसैले नभनीकन नै आजतक साँचिराखेको हुँ । कलम त्यो पोखाउनामा बल गर्छ, म न भन्नामा । २०३८ सालको मध्यतिर म भारतको दक्षिणी प्रान्तमा रोग लिएर गएको थिएँ ।

उपचारको सिलसिलामा अत्यन्तै कठिन र दु:खद क्षण आयो । रोगीको कुनै आश भएन । यस्तै, असह्य परिस्थितिमा एकजना मित्र पत्नीको देहान्तले हामी (म र धर्मपत्नी) झन् भयभीत भयौं । म त्यही लाश लिएर मद्रासको समुन्द्रतर्फ लागें । अन्दाजी रातको १२ बजे पछिको समय स्वयं मुर्दा झैं थियो। सागरभरि औडाहा र भयङ्करता । अनि किनारको सन्नाटा भयानक र स्थिति त्रासद थियो । म भित्रैदेखि आतङ्कित अवस्थामा थिएँ । साथै, धनले मनले ज्यादै विश्रृंखलित । चारैतिरको प्रतिकूलता कतिको दुर्बल पार्न सक्दो रहेछ सो त्यहीँ जानें । यताउता क्रियात्मक परिबन्दका बीच म तहाँ थोरै पछि परेछु क्यार ! मलाई एक किसिमको पृथक्ता, अमन र भयको कँपकँपी नै थियो । म आफ्नै रोगीको लाश जलिरहेको देखिरहेको थिएँ। अरू केही थिएन त्यस मेरा मनमा । यत्तिकैमा एकजना मान्छे (?) अकस्मात् मेरा अगाडि उभिए । म पहिले त त्रस्त जस्तो भै हालेछु, झण्डै अर्द्ध बिहोश जस्तो । तर उनको बोलीमा मिठास र अपूर्व आकर्षण भएकाले म राम्ररी चेतमा भएँ । शुरूमा न जानेको भाषा-मा झैं तर सफासँग सम्झिने गरी तिनले मलाई जे भनेह ती थिए विस्मयप्रद र यथार्थिक । यस जिन्दगीको क्षितिज पर के छ म जान्दिनँ । तर, अहिलेसम्म तिनको 'वाणी' ममा अक्षरश: सत्य छ र होला। आज पनि म तिनको संस्मरणले रोमाञ्चित हुन्छु । शायद, पौराणिक भाषामा ती सिद्ध, उनको त्यो वाणी वा स्वर अनिर्वचनीय । ती सुदर्शन पुरुष को र के थिएह किन त्यति सानो भेट र त्यो अलौकिक तिनको भव्यता । म उदेक छु । म नास्तिकका कोटीमा पर्छ होला । पुराणमा बताएकै ढंगले स्वर्ग र नरक जान परेमा मेरा लागि तेस्रो ठाउँ खोज्न पर्ला । तर मलाई तिनले जे भने तिनमा मेरा अतीत र अनागतका धेरै विषय छन् । भाषामा नअटाउने भन्न सक्दिँन । म मासूम रोगमाथि उम्रेको घाउ त्यहाँबाट केही पुछेर फर्कन सकेँ । घाउ हो फेरि फेरि बग्न पनि छोडोइन । अब केवल उनीप्रति रहयो मेरो मौन वन्दना ! अक्षरको छातीमा मैले विना प्रवंचना आफ्नो यो सानो घाउ चाहिँ पुछ्न खोजेको छु । तर, पीडाको घाउ एकपटक पुछिए तापनि फेरि दुख्न छोड्दैन । आखिर घाउ ! अनुभूति चपाएर निल्न सकिन्न । पोख्ने बानी परेकालाई यो पिरलो बन्छ । लुकाएर न सक्दा पोखिने गर्छ । पोखिने क्रममा लेख वा रचनाको जन्म हुँदो रहेछ । कसको, कति र कस्तो भन्ने केवल प्रकार विशेष । हामी साहित्य, भाषा अनुभूतिका क्षेत्रमा यो कुरो सहज-ग्रहण गर्न थाल्छौं । कमलो र साह्रो, राम्रो र नराम्रो सबैथोक यसैबाट जानिन्छ । न जानेर पनि अभिव्यक्तिको उपक्रमभित्र अन्तर उठ्छ । होह यो न हुने चाहिँ पक्कै होइन । हुन्छ र यो छह अन्यथा जीवनका अनुभूतिहरू लाटिने र शून्यतामा मर्ने थिएँ । यस्तो आजतक सृष्टिकर्तालाई मंजूर छैन र भएन ।

मेरा अत्यन्त नजीकैको एक दशकलाई हालसम्म चरक्क चिरेर पाँच भाग लगाएमा दुई तिहाइ, भागभन्दा बढी 'रेडियो नेपाल' मा पर्न जान्छ । मैले ओकलेका र पुस्तकाकारका रूपमा देखापरेका धेरै अक्षरहरू यसका ज्वलन्त दसी बन्छन् । मैले घाउ बेसरी पालेको छु र अझ पट्याएर भित्र बेलाबखत झिकी खाने दाउमा लुकाएको पनि छु । म एक्लै खान सिपालु छु यस्तो । यो बाहिर झट्ट आउँदा सुकेका नयन भिज्छन् । यो रुझेको देख्ने सजल नयनहरूको पनि कम्ती संख्या छैन । म अक्षरका छातीमा दु:ख पोख्दै र सुकाउँदै आइरहेको छु । सके, सुख पोख्ने हो नसक्दा दु:ख । वस्तुत: 'एक्सरे' हो मनको अनुहार । भाषा न जन्मँदाको भाषा । भाव र भाषाको संयुक्त स्वरूप । अनुहार आभा लिन्छ, अनेक कारकहरूले अनुहारमा मान्छे हराउन थाल्छ । त्यस्तो बेला अनुहार अर्कै हुन्छ । भित्र र बाहिर फरक भेटिनेलाई म यो कुरो कुन तवरबाट सम्झाऊँ । मेरा लागि सहज उपलब्ध बन्न इच्छा र समय दुवै न मिल्न जाला । अझ व्यर्थ उपयोगी समयको खर्च । त्यस्तो हुन्छ माथि भरेङ चढेर तल हेर्न थाल्दा । तर संस्कार र जन्मको विडम्बनाले गर्दा धेरै उँचो तहमा घुलमिल गर्नमा थोरै कठिनाइ उत्पन्न हुने डरले म चाहिँ सदा सतर्क र भयभीत हुन्छु । चाहनाको कमजोरी मैले सडकमा ृयाँकेर हिँडिदिन सकेमा म चोखो र हलुको अनुभव गर्ने थिए -जो मेरालागि नितान्त वैयक्तिक, दु:खसाध्य पीडा र मृगतृष्णा बनिरहेको छ । यस प्रकारको स्थिति देखि मुक्त हुन बिछट्टै गाह्रो हुन्छ । त्यो म राम्ररी जान्दछु । अरूलाई मात्र देख्ने आँखाको प्रक्षेपण असन्तुलित हुन्छ । चेतनाको अदालतमा उभिनपर्दा 'आफू' भन्ने कुरो छर्लङ्गिन्छ । आफूमा 'आफू' हुन सकिनँ । एकान्तको न्यानो मायामा मलाई लुक्न र बस्न मन लाग्छ । हुलहाल र भीडको तातोमा म उकुसमुकुस हुन्छु । मेरो व्यक्तित्वको क्षितिज सीमित हुन चाहन्छ र मीठो बोलीको औपचारिकताले रन्थनिन पुग्छ । आफूलाई पूरा निरावरण अथवा ज्यादा मिश्रीमा डुबाउनै सक्तिनँ म । असजिलो भएर आउँछ । लाजमानीकन बाहिर आउने व्यक्तित्वको मूल्य छैन । धूलोमा भिजेर बेग्लै हुन लाग्छु म । मेरा पाइला पाइला हावा लागेका बेला उडेर जाने पात जत्तिकै पातला भएका छन् । अन्नदाताको भीखमा मेरो परिवारको भोक झुण्डिरहेको छ । अब आफ्नो घाउ कोट्याएर अमीलो पार्नमा दिउँसो नै मजा आउन लागिरहेको कुरो म बुझ्न थालेको छु । आघात खान जान्ने भएको मेरो भुक्तभोगी मन यसमा निकै दङ्ग पनि हुन्छ । बिना आघात कलमको टुप्पोबाट मसीको आँसु निस्किँदैन । म दु:ख नै कलमको प्राणेश्वर वा खाद्यान्न सम्झिने भएकाले आघातको कम्पन नभै सिर्जनाको घर बसाउनै जान्दिनँ । 'सिर्जना' भन्ने नै भित्री आँधी होह जो बेसरी न लागी मन हल्लिँदैन । मलाई त सर्जकको आँखा र मनमा पीडाको हुरी नआई सृष्टिको बिहानी हुँदैन भन्ने पूरा विश्वास छ । यो मेरै विश्वास । लेखेर आजतक कुनै घाउ पुछिएको छ रङ्ग पीडा जोखिन्न, घाउ पुछिन्न । अभिव्यक्तिको सामर्थ्य भाषामा खुल्छ । मात्र त्यतिसम्मको प्रदर्शन हो - 'लेखन' । त, कुरो मेरै छेउबाट गुन्जिन्छ । हावा लागेपछि नै रूखका पात हल्लिन थाल्छन् । कहिलेकाहीं दु:ख जीवनमा बोलाएर आइलाग्छ या साउने झरी झैं आँखा नै नखोली बर्सिन्छ । यस्तरी पिट्छ त्यसले कि शहरको विशाल भीडमा पनि एक्लो, असुरक्षित र असहाय आफूलाई ठान्छ मान्छेले । यसरी नै म रुझेर अक्षर सबै भिजाएँ । लेख्ने आँशु हो। 'प्रेम' गर्नु जस्तै छ यो लेख्नु । यस्तै बेला आस्तिक भए ईश्वर र लेखक भए सिर्जनाको खोजीमा लाग्ने चेष्टा गर्न थाल्छ । विराट् पुरुषको दर्शन वा परिकल्पनाको खास माने यही अर्थमा मलाई लाग्न थाल्दछ । यसैले साहित्यमा मान्छे विस्तृत र सर्जकको भूमिकामा प्रतिष्ठापित बन्न जान्छ । यद्यपि बाह्य प्रतिष्ठा भ्रमको वरासनमा अधिक रमाउँछ। मिथ्याको यो गुलियो परिकार । भ्रमको भष्म विना साहित्यको बलियो 'भीष्म' जन्मिँदैन पनि । आत्म प्रकाशनको मीठो रहर छ र त भुलिएको छ । भ्रमभन्दा मीठो, 'माया' र मिथ्याभन्दा ठूलो प्रपञ्च यस विश्वमा अर्को छँदै छैन । यही खाएर त कहिलेकाहीँ हामी गँजडी भन्दा केही माथि मात्र भएका हुन्छौं (यहाँलाई केही तीतो लाग्यो कि ?) संस्कृति र साहित्यमा प्रजातन्त्र हुन्छ । चरित्र, मर्यादा र प्रतिभाले यसको जगेर्ना गरिन्छ । साहित्यमा प्रतिभाको सैर्षले प्रवेश गराउँछ । सत्ता, ईश्वर र सङ्गठनका नाममा मेरो-तेरो भनिँदैन, भने त्यो बन्दैन । कसैको ठूलो स्वार्थ भए झैं यहाँ त्यस्तो केही हुँदैन । फेरि, हाम्रो जस्तो देशमा अझै यो व्यवसाय-मूलक बन्न सकेको पनि छैन । खास अजात शत्रुका पंक्तिमा बसेर विशुद्ध संस्कृति र साहित्यको सिर्जना र जगेर्ना गरूँ भन्दा सो हुन पाउँछ । यो विशेष हक छ । केवल प्रतिभाको प्रकाशन र चमत्कारमा कम-वेशी अनि सन्दर्भ-असन्दर्भ भन्ने कुरो देखिन्छ । प्रतिभाको अगाध उपलब्धि र स्वच्छ सैर्षले साधक जीवित बन्छ । अक्षरको जादुमा भुल्नेहरू अर्थशक्ति र अधिकारको भुमरीमा फस्दैनन् र हराउँदैनन् । समयको धारामा कत्ति सम्झिइन्नन्ह लेखक सम्झिइन्छन् र खोजिन्छन् । वैचारिक भिन्नताले कतिपटक दर्शनको जन्म हुन्छ, ती विचारका रेखामा बगिरहन्छन् । युग खोज्न त्यहीँ जानुपर्छ सबैले एकदिन । सर्वत्र पुस्तकालयको ढोका प्रेमले खोलिन्छ । त्यसभित्रबाट एकैछिन पछि बाहिर निस्कँदा सबैले भिजेर र नुहेर निस्किन पर्छ र त्यो सकिन्छ ।

**-साहित्यपोष्ट डटकम**

# महिनाभर मनाउने गुँला पर्व सुरु




**पाल्पा,** साउन ९/नेवार समुदायको बौद्ध धर्मावलम्बीले मनाउने एक महिने गुँला पर्व विहीबारदेखि सुरु भएको छ । नेवार समुदायले चान्द्रमासअनुसार श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म एक महिना धर्म, कर्म एवं राम्रो काम गरेर मनाउने गुँला पर्व विधिवत् सुरु भएको हो ।

पर्वमा सांस्कृतिक बाजा गाजाका साथमा बुद्ध भगवानको भजनकीर्तन गाएर मठमन्दिर, बौद्ध चैत्य परिक्रममा गरिन्छ । नेपाल संवत अनुसार दशौं महिनालाई गुँला भनिन्छ । गुँको अर्थ गुण गर्ने, राम्रो एवं गुनिलो काम, अरुको उपकार गर्ने कामलाई जनाउने गर्दछ । तानसेनमा पनि नेवार समुदायले यो पर्व मनाउने गर्दछन् । गुँला पर्वको अवसरमा विशेषगरी नौं बाजा बजाउने प्रचलन छ । गुँला पर्व विशेषगरी बौद्धमार्गीको पर्व भएपनि गुँला पर्वमा अन्य धर्मावलम्बीसमेत सहभागी हुने गर्दछन् । गुँला पर्वको प्रमुख विशेषता न्याकुँ बाजा हो । यो बाजा राँगाको सिङबाट निर्माण गरिएको हुन्छ । खेतीपाती सकेर मानिसहरु फुर्सद हुने र अन्य चाडबाडलाई पनि मध्यनजर गरी खुशीयाली साट्ने पर्व हो । पछिल्लो समय विभिन्न मौलिक बाजागाजासहित गुँला पर्व मनाउने प्रचलनमा वृद्धि भएको छ । जसअनुसार धा: बाजा, बाँसुरी बाजा, धिमे बाजा, भुस्या बाजा बजाएर पनि चैत्यका साथै स्थानीय इष्टदेवता, गणेश, भीमसेन भैरवलगायतका देवी देवताकोसमेत परिक्रमा गर्ने प्रचलन छ ।

साथै बौद्ध धर्मावलम्बी बाहेकका समुदायसमेत गुँला पर्वको अवसरमा चैत्यहरूको परिक्रमा गर्न जाने गर्दछन् । गुँलामा शृङ्गभेरी अर्थात् सिङ बाजा फुकाउने चलन राजा सिद्धिनरसिंह मल्लले सुरुवात गरेको परम्परा मानिन्छ । शृङ्गभेरी कथाअनुसार मृतकको नाममा स्वयम्भू महाचैत्यमा शृङ्ग बाजा बजाई परिक्रमा गर्ने र पूजा गर्ने चलन छ । शृङ्गभेरी अर्थात् सिङ बाजा फुकाउने चलनबारे एक किंवदन्ती यस्तो रहेको छ- ब्राह्मण कुलमा जन्मिएकी रूपवती एक दिन जंगलमा भैंसी चराउन पुगिन् । यसै क्रममा भैंसी भीरबाट खसेर मरकाले उनी भैंसी मरेको दु:खका रुँदै बसिरहेकी थिइन् । त्यहाँ रूपवतीलाई देखेर बोधिसत्व प्रकट भएर हेर्दा रूपवती पूर्वजन्ममा रानी थिइन् भने भैंसी पूर्वजन्ममा रूपवतीको लोग्ने राजा भएको बताउँछन् ।

पूर्वजन्ममा पापकर्म गरेको कारण भैंसीको जूनी भएर जन्म लिएको हुनाले बोधिसत्वले भने, उदार गर्ने भए भैंसीको सबै हड्डीहरू राखेर एउटा चैत्य बनाई एउटा सिङ फुकाउने र अर्का सिङमा २१ दिनसम्म जल राखेर सो जल निर्माण गरेको चैत्यमा चढाएमा पूर्वजन्ममा तिम्रो लोग्ने राजाले गरेको पापमुक्त हुन्छ भनेपछि रूपवतीले गुँला अवधिभर सिङ फुकेर यसका साथसाथै अन्य बाजा बजाएर चैत्य परिक्रमा गर्ने परम्परा सुरु भएको कथन रहेको पाइन्छ ।

# गर्मी बढेपछि बन्द हुन थाले विद्यालय




**पाल्पा,** साउन ९ /गर्मी बढेपछि तराई क्षेत्रका विद्यालयहरु बन्द हुन थालेका छन् । रुपन्देही र कपिलवस्तुमा गर्मी बढेपछि विद्यालय बन्द गर्न थालिएको छ ।

रुपन्देहीको सिद्धार्थनगरमा गर्मी बिदा दिइएको छ । नगरपालिकाले शुक्रबार एक सूचना जारी गर्दै नगरभित्रका सामुदायिक, निजी तथा धार्मिक विद्यालयमा बिदा दिन निर्देशन दिएको हो । गर्मीका कारण विद्यार्थी बिरामी परेको गुनासो आइरहेपछि वर्षे/ हिउँदे बिदाबाट कट्टी हुने गरी साउन ११ गते देखि १३ गतेसम्म बिदा दिन आग्रह गरेको छ । चलिरहेको परीक्षा भने नरोक्ने नगरपालिकाले जनाएको छ । कपिलवस्तु नगरपालिका र बाणगङ्गा नगरपालिकाकाले पनि विद्यालयमा गर्मी बिदा दिएका छन् । तराई क्षेत्रमा गर्मी बढ्दै गएपछि मंगबारसम्म गर्मी बिदा दिएको हो । गर्मीका कारण बालवालिकाहरुको स्वास्थ्य अवस्थामा पर्न सक्ने प्रतिकूल असरलाई विचार गर्दै बिदा दिइएको कपिलवस्तु नगरपालिकाले जनाएको छ । केही दिन यता बढ्दो अत्याधिक गर्मीका कारण जनजीवन प्रभावित भएको अवस्थामा बालबालिकाहरुको स्वास्थ्य अवस्थामा पर्ने सक्ने प्रतिकूल असरलाई विचार गर्दै बाणगङ्गा नगरपालिकाले तीन दिन बिदा दिएको छ । मध्याह्नतिर गर्मीका कारण गाह्रो हुने गरेको विद्यार्थीहरुले बताउने गरेका छन् । 'गर्मीले पढ्नै सकिँदैन ,दिउँसो १२ बजेपछि कक्षाकोठामा तातो बाफ निस्कन्छ । बेञ्चमा बस्नै गाह्रो हुन्छ । डेक्स र बेञ्च पनि तातेका हुन्छन्' सिद्धार्थको दिव्यज्योतिमाा कक्षा ८ मा अध्ययनरत विवेक खत्रीले भने । दिउँसोको समयमा पटकपटक बिजुली जाँदा विद्यार्थीलाई अझ बढी समस्या हुने गरेको छ । दिउँसोको समयमा एकदमै गाह्रो हुने, छटपटी हुने र निद्रा लाग्ने गरेको विद्यार्थीहरुको गुनासो छ ।

## खेलकुद समाचार

### बङ्लादेशलाई हराउँदै पाकिस्तानको जीत



**काठमाडौं,** साउन ९/पाकिस्तानले तेस्रो तथा अन्तिम टी-२० क्रिकेटमा बङ्गलादेशलाई ७४ रनले हराउँदै शृङ्खला स्वीप हुनबाट जोगिएको छ ।

ढाकामा बिहीबार भएको खेलमा पाकिस्तानले टस हारेर पहिले ब्याटिङ गर्दै ७ विकेट गुमाउँदै १७८ रन बनायो । जवाफमा बङ्गलादेश १६ ओभर ४ बलमा १०४ रनमै समेटियो । यसअघि बङ्गलादेशले पहिलो खेल ७ विकेट र दोस्रो खेल ८ रनले जित्दै इतिहासमै पहिलो पटक पाकिस्तानविरुद्ध टी-२० शृङ्खला जितेको थियो । शृङ्खला भने बङ्गलादेशले २-१ ले आफ्नो पक्षमा पारिसकेको छ ।

### सवारी दुर्घटनामा तीन...

दुर्घटनामा गम्भीर घाइते भएका उनको भरतपुर सरकारी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै काठमाडौंको गोकर्णेश्वर नगरपालिका-४ नाम्देल बसपार्कस्थित सडकमा बा.३ ख ४३४५ नम्बरको गाडीको ठक्करबाट अर्को एक जनाको मृत्यु भएको छ । सोही नगरपालिका-४ बस्ने संखुवासभा घर भएका फुर्बा शेर्पाकी छोरी २ वर्षीया फुर्पुलामो शेर्पाको घटनास्थलमै मृत्यु भएको हो । गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

### ग्लोबल आइएमईका ग्राहकलाई अस्पतालमा १० प्रतिशत छुट




**पाल्पा,** साउन ९/ग्लोबल आइएमई बैंक लिमिटेडका ग्राहकले अन्नपूर्ण न्यूरो अस्पतालमा १० प्रतिशत छुट पाउने भएका छन् । बैंकले अस्पतालसँग आफ्ना ग्राहकहरुको सुविधाका लागि छुटका लागि सम्झौता गरेसँगै अन्नपूर्ण न्यूरो अस्पतालमा १० प्रतिशत छुट पाउने भएका हुन् ।

समझदारीमा बैंकका सहायक महाप्रबन्धक तथा चिफ मार्केटिङ्ग अफिसर दिलिप पोखरेल र अस्पतालका डेपुटी मेडिकल डाइरेक्टर डा.शरद हरी गजुर्यालले हस्ताक्षर गरेका छन् । समझदारी अनुसार ग्लोबल आइएमई बैंकका डेबिट तथा क्रेडिट कार्डबाहक एवम् बैंकको मोबाइल बैंकिङ 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरुले अन्नपूर्ण न्यूरो अस्पतालको सेवाहरुमा १० प्रतिशत छुट पाउनेछन् । अन्नपूर्ण न्यूरो अस्पतालले उपलब्ध गराउने सेवाहरु हेल्थ प्याकेज, प्याथोलोजी, रेडियोलोजी, एम्बुलेन्स सेवा, बेड शुल्क, सर्जरी तथा अन्य विभिन्न सेवा शुल्कहरुमा ग्लोबल आइएमई बैंकका ग्राहकहरुले छुट पाउनेछन् । नशा रोगसम्बन्धी सेवाको लागि लोकप्रिय रहेको अन्नपूर्ण न्यूरो अस्पतालले अन्य विशेषज्ञ सेवाहरु समेत उपलब्ध गराउँदै आएको छ । आफ्ना ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै बैंकले विभिन्न किसिमका समय सान्दर्भिक योजनाहरु ल्याएर आफ्ना ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ । बैंकले ग्राहकहरुको आवश्यकतालाई मध्यनजर गरी समयसान्दर्भिक नविनतम् सेवाहरु प्रदान गर्दै आइरहेको छ । यस वर्ष बैंक ग्लोबल फाइनान्स म्यागाजिनको बेष्ट बैंक अवार्ड २०२५ बाट सम्मानित भएको छ । यो अवार्डसँगै ग्लोबल आइएमई बैंक लगातार २ वर्ष ग्लोबल फाइनान्स म्यागाजिनका बेष्ट बैंक अवार्डबाट सम्मानित भएको हो । ग्लोबल फाइनान्सले ग्लोबल आइएमई बैंकलाई २०२४ मा पनि सम्मानित गरेको थियो । विश्वसनीयता, वित्तीय श्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाहरुको विकास, क्रेडिट रेटिङ्ग लगायतका मापदण्डहरुमा ग्लोबल आइएमई बैंक सन् २०२५ को लागि नेपालको उत्कृष्ट बैंक भएको हो ।

**मानव बेचबिखन अपराध हो ।**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिनें कार्य हुन्

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुन्छ ।**
**त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**



नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई